प्यासिफिक सहकारीद्वारा.......... पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-०१ ● २०७७ साउन ०५ गते सोमबार, ● 20 July 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## बाइस करोडभन्दा बढीको आलु उत्पादन



विकास सम्वाददाता
थाहा नगर

मकवानपुरको थाहा नगर पालिका क्षेत्रका कृषकले खेतबारीमा लगाएको आलु बिक्री गर्ने अन्तिम चरणमा छन् । स्थानीय कृषकले यो वर्ष २२ करोड रूपियाँभन्दा बढीको आलु उत्पादन गरेका छन् । गत वर्षभन्दा आलु उत्पादनमा गिरावट आएको बताउँदै थाहा नगरपालिकाको कृषि विकास शाखाका शाखा अधिकृत सञ्जय तिवारी यो वर्ष २२ करोड ५० रूपियाँभन्दा बढीको आलु उत्पादन भएको जानकारी दिए ।

आलु फल्ने समयमा अधिक वर्षा भएर आलु उत्पादनमा ह्रास आएको भन्दै उहाँले भन्नुभयो, बढी पानी पर्दा खाद्यान्न, तरकारीलगायतका सबै बालीमा नोक्सनी भएको छ ।

आलु उत्पादनमा ह्रास आए पनि गत वर्षभन्दा कृषकले आलुमा यो वर्ष राम्रो मूल्य पाएका छन् । गत वर्ष प्रतिहेक्टर २० टन आलु उत्पादन भएकोमा यो वर्ष थाहा नगरमा प्रतिहेक्टर १५ टन मात्र आलु उत्पादन भएको अनुमान छ । यो वर्ष नौ हजार टन आलु उत्पादन भएको अनुमान छ, तिवारीले भने । कृषकले गत वर्ष आलु प्रतिकेजी १८ देखि ३० रूपियाँसम्ममा बिक्री गरेकोमा यो वर्ष सुरूमा प्रतिकेजी १८ रूपियाँमा बिक्री भएकोमा पछि सेतो आलु प्रतिकेजी ४० रूपियाँ र रातो आलु प्रतिकेजी ४४ रूपियाँसम्ममा बिक्री गरेका छन् । दामन, पालुङ र वज्रवाराही क्षेत्रको आलु उत्पादन भई बिक्री अन्तिम चरणमा पुगेको र आग्रा क्षेत्रको आलु निस्कँदा अहिलेको मूल्यलाई हेर्दा प्रतिकेजी ५० रूपियाँ बारीमा नै पर्ने आकलन गरिएको उनले बताए । गत माघ-फागुनमा खेतबारीमा लगाएको आलु असारको पहिलो सातासम्म निकाल्न स्थानीय कृषक व्यस्त रहेका थिए । थाहा नगरपालिकाको दामन, पालुङ, आग्रा, वज्रवाराही, चित्लाङलगायतका स्थानको अधिकांश क्षेत्रमा स्थानीयले आलु खेती गर्दै आएका छन् । थाहा नगरपालिकाका कृषि विकास शाखाका शाखा अधिकृत तिवारीले आलु खनेर मकै र तरकारी लगाइएको जानकारी दिए ।

बाँकी पृष्ठ ५ मा

### मन्त्रालयबाट पुरस्कृत

## थाहानगर देशकै सर्वोत्कृष्ट




विकास सम्वाददाता
थाहा नगर

मकवानपुरको थाहा नगर पालिका देशमै सर्वोउत्कृष्ट भई पुरस्कृत भएको छ । आर्थिक वर्ष २०७४/०७५ सम्मको बेरूजु अंकको ९६.०६ प्रतिशत फछ्र्यौट गरेकोमा थाहा नगरपालिलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पुरस्कृत गरेको हो । थाहा नगरपालिका देशकै एक मात्र पुरस्कृत स्थानीय तह हो ।

आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षणबाट जम्मा २.५४ प्रतिशत बेरूजु कायम गरी सर्वोत्कृष्ट कार्य गरेको ठहरसहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले थाहा नगर पालिकालाई देशभरकै सर्वोत्कृष्ट घोषणा गरेको छ । असार ३० गते नेपाल सरकार सचिवस्तरको निर्णयबाट निर्णयसहित घोषणा भएको हो । बेरूजु फछुर्यौट कार्ययोजना र मार्गदर्शन अनुसार उक्त कार्यमा सहभागी कर्मचारीहरूलाई प्रशंसापत्र सहित पुरस्कृत गर्ने मन्त्रालयको निर्णय छ ।

अघिल्लो आर्थिक वर्ष देशभरको उत्कृष्ट ४ मा पर्न सफल थाहा नगर पालिका यसवर्ष मुलुकभरको ७ सय ५२ स्थानीय तहलाई पछि पार्दै बेरूजु फछ्र्योटमा सर्वोउत्कृष्ट घोषित हो । महालेखा परीक्षकको कार्यालयको अन्तिम लेखा परीक्षणमा ४ प्रतिशत भन्दा कम बेरूजु हुने कार्यालयलाई आर्थिक अनुशासन राम्रो भएको मानिन्छ । तर थाहा नगर पालिकाले आर्थिक वर्ष २०७५र०७६ मा कार्यालयको बेरूजु जम्मा २.५४ प्रतिशत मात्र कायम गरेको छ ।

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७४ सम्मको नियमित गर्नुपर्ने १४ लाख ७१ हजार, अशुल गर्नुपर्ने ६४ लाख ४ हजार र पेश्की ७६ लाख ८९ हजार गरी जम्मा १ करोड ५५ लाख ६५ हजार पेश्की बाँकी भएकोमा नियमित गर्नुपर्ने १४ लाख ७१ हजार, अशुल गर्ने ६० लाख १३ हजार र पेश्की फछ्र्यौट ७४ लाख ६७ हजार गरी कुल १ करोड ४९ लाख ५२ हजार बेरूजु फछ्र्यौट भएको प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी गराउनु भयो ।

नगरपालिकाको तर्फबाट उल्लेख्य कार्य गरेकोमा प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी र लेखा अधिकृत विष्णु भुसाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनही ५ हजार पुरस्कार र सम्मान पत्र प्रदान गरेको छ ।

नगरपालिका पुरस्कृत भएपछि नगरप्रमुख लवशेर विष्टले यस कार्यमा उल्लेखनीय योगदान पुऱ्याउनुहुने प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत तथा सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिएका छन् । उनले उपलब्धीलाई सँधै जोगाइराख्न समेत कर्मचारीहरूलाई अनुरोधगरे । आर्थिक अनुशासनमा देशमै सर्वोत्कृष्ट घोषित भएकोमा नगर प्रमुख विष्टले सबैप्रति आभार व्यक्त गरे ।

## नौ करोडमा टिष्टुङमा विद्यालय निर्माण

विकास सम्वाददाता
थाहा नगर

मकवानपुरको थाहा नगरपालिका-११ स्थित टिस्टुङमा सुविधा सम्पन्न विद्यालय भवन निर्माण भएको छ । अत्याधुनिक विद्यालय भवन निर्माणसँगै विद्यार्थीहरू भूकम्पले भत्किएको भवनमा त्रासका बीच पढ्नुपर्ने बाध्यताबाट मुक्त भएका छन् ।



२०७२ सालमा आएको भूकम्पले विद्यालय भवन क्षतिग्रस्त बनेपछि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले जापानी सहयोग नियोग (जाइका)को ऋण सहयोगमा बागेश्वरी माध्यमिक विद्यालयको भवन निर्माण गरेको हो । आगामी साउन महिनाभित्र सम्पन्न गर्ने गरी २०७५ मङ्सिरबाट निर्माण सुरू गरिएको विद्यालय भवन तोकिएको समय अगावै निर्माण पूरा भएको छ । स्वच्छन्द(खानी जेभी निर्माण कम्पनीको तर्फबाट निर्माण कार्यको संयोजन गर्दै आएका सुमन गोलेले कम्पनीले गत चैतमा नै सम्पन्न गर्ने गरी निर्माणको काम गरिरहेकोमा बन्दाबन्दीका कारण निर्माण कार्य तीन महिना धकेलिएको बताए ।

उनले विद्यालय भवन निर्माण गर्ने स्थल परिवर्तनसँगै निर्माणकै क्रममा काम थपिएकाले निर्माणको समय लम्बिएको भन्दै विद्यालय हस्तान्तरणका लागि तयारी अवस्थामा रहेको छ बताए । ग्याभिन जाली भर्ने, टेवा पर्खाल निर्माण, फर्निचर लगायतका एक करोड रूपियाँभन्दा बढीको काम थपिएको थियो ।

बाँकी पृष्ठ ५ मा

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

**पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं, घटनासंग असम्बन्धीत व्यक्ति/संस्थाको नाम उल्लेख नगरौं !!!**

- पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासंग सम्बन्धीत समाचार प्रकाशन-प्रशारण गर्दा घटनासंग असम्बन्धीत नातेदार वा नजिकको व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्र हत्या हुने गरी कुनै पनि सामाग्री प्रस्तुत गर्नु हुँदैन ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्याङ्कन बिना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृश्य उत्पादन, वितरण वा प्रकाशन-प्रशारण गर्नुहुँदैन ।

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग विभाग

# • सम्पादकीय •

## अन्योलमा शिक्षा

नेपालमा लकडाउनका कारण गत चैत ११ गतेपछि विद्यालयदेखि विश्वविद्यालय तहसम्मका शैक्षिक संस्था बन्द छन्। ७० लाख बढी विद्यार्थी नियमित पढाइबाट वञ्चित छन्। लकडाउन जारी रहे पनि निजी तथा सरकारी कार्यालय, पसल, सवारी साधनलगयतका क्षेत्र विस्तारै खुल्दैछन्। स्कुल र क्याम्पसलाई कहिलेदेखि सुचारु गर्ने भन्ने विषय अलमलमै छ। विदेशीतिर पनि कोभिड–१९ को संक्रमण त्रासको बेला शैक्षिक संस्थालाई सबैभन्दा ढिलो खोलिन्छ। सरसती हेर्दा नेपाल सरकारले पनि त्यही रणनीति अपनाएको देखिन्छ। तर यो खाली समयलाई कसरी अधिकतम प्रयोग गर्ने र विद्यार्थीको सिकाइ क्षमतालाई कसरी मर्न नदिने भन्ने विषयमा पर्याप्त तयारी देखिएन। निजी स्कुलको व्यवस्थापनमा पनि मन्त्रालयको योजना अपूरो देखिएको छ। स्पष्ट योजना र खाका बनाउन नसक्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय आलोचित बनेको छ।

विद्यालय खुल्न नपाएपछि सरकारी र निजी स्कुलमा समेत वैकल्पिक माध्यमबाट पढाइ भइरहेको छ। तर दुवै विद्यालयका विद्यार्थी र अभिभावक अलमलमा छन्। कतिपयको यो माध्यममा पहुँच छैन। सरकारी स्कुलका विद्यार्थीलाई पहुँचअनुसार अनलाइन, टेलिभिजन, रेडियो तथा शैक्षिक सामग्री प्रयोग गरेर पढाउने भनिएको छ। कति विद्यार्थीसँग कुन माध्यमको पहुँच छ भन्ने सामान्य आकलनसमेत मन्त्रालयले गर्न सकेको छैन। सुगम भेगका सीमित विद्यार्थीले यो विधिबाट पढे पनि दुर्गम भेगका लाखौं विद्यार्थी के गरिरहेका छन् भन्ने जानकारी मन्त्रालय र यसका स्थानीय संयन्त्रले समेत लिन सकेको छैन। कतिसम्म भने लकडाउन हुनुअघि नै विद्यालय छोडेर घर गएका शिक्षक अझै विद्यालय फर्केका छैनन्। उनीहरूलाई विद्यालय फर्काउन वा त्यो सम्भव नभए आफू बसेकै स्थान वरिपरिका विद्यार्थीलाई पढाउने व्यवस्था गर्नुपर्दथ्यो। मन्त्रालयले वैकल्पिक पढाइसम्बन्धी निर्देशिकामा शिक्षक जुन ठाउँमा छन्, त्यहीको स्थानीय तहमा सम्पर्क गरेर त्यतैका विद्यार्थीको सिकाइ कार्यमा सरिक हुनुपर्ने उल्लेख छ। तर शिक्षकले त्यसो गरेनन्। न त सरकारी संयन्त्रले अनुगमन गरेर शिक्षकलाई परिचालन गराउन सक्यो। आफ्नै शिक्षकलाई तोकिएको स्थानमा खटाउन नसक्नु शिक्षा मन्त्रालयको कमजोरी हो।निजी स्कुलले सञ्चालन गरिरहेका अनलाइन पढाइ पनि सबैको पहुँचमा छैन। पहुँच भएकाले पनि जेनतेन पढिरहेका छन्। त्यो भन्दा पनि महत्वपूर्ण विषय निजी विद्यालयले अनलाइनबाट पढाएवापत शुल्क लिन पाउने कि नपाउने भन्ने मुद्दाको किनारा लागेको छैन। यो मुद्दालाई शिक्षा मन्त्रालयले स्पष्ट पार्नुपर्छ। मन्त्रालयको जिम्मेवार पदाधिकारीको कमजोरीको फाइदा लिँदै केही बाठा विद्यालयले अभिभावकबाट मनलाग्दी शुल्क उठाइरहेका छन्। कक्षा १२ सम्मको शिक्षाको दायित्व बोकेको स्थानीय तहले अनुगमन गर्न सकेको छैन। कोरोनाको कारण आर्थिक स्रोत नै बन्द भएका अभिभावकलाई पैसा तिर्न नसक्ने हो भने विद्यार्थी फिर्ता लैजा भन्दै केही निजी स्कुलले धम्की नै दिएका छन्। न्यूनतम मानवीय संवेदनासमेत नभएका यस्ता स्कुलको धम्कीप्रति अभिभावक मुकदर्शक छन्। मन्त्रालयका अधिकारीको नजरमा यस्ता विषय परेको छैन। गत चैत महिनाको शुल्क विद्यार्थीबाट लिन नपाउने भनेर सरकारले गरेको निर्णयसमेत कार्यान्वयन भएको छैन। आफ्नै निर्णय कार्यान्वयन गराउन नसक्नु भनेको मन्त्रालयको नेतृत्व असफल हुनुजस्तै हो। कोरोनाको कारण निजी स्कुल सञ्चालकहरू पनि आक्रान्त भएको कुरा सत्य हो। प्रचलित कानुनअनुसार सञ्चालन भएका यस्ता विद्यालयलाई नियन्त्रण गर्नुको साथै अभिभावकीय भूमिका पनि निर्वाह गर्नु मन्त्रालयको दायित्व हो।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | |
|---|---|
| विहान ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान ८:00 | बजे हेटौडा (बस) |
| विहान ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |

# युवा हुनुको अर्थ

मनिकर कार्की



असारको पहिलो साता देशको राजधानी काठमाडौंमा एकाएक युवाहरूको समूह सडक प्रदर्शनमा निस्कियो। सामाजिक सञ्जालमार्फत आह्वान गरिएको जनप्रदर्शनमा खासगरी नयाँ पुस्ताका हजारौं युवाहरू सहभागी बने। ती युवाहरूले कोरोना भाइरस संक्रमणको सन्त्रासका बाबजुद अनेकौं रचनात्मक प्लेकार्डसहित सडकमा निस्किएर नाराबाजी गरे। आक्रोशित युवाहरूको एउटै आवाज थियो, 'इनफ इज इनफ !'

युवाहरूको त्यो प्रदर्शनमाथि धेरै थरी टीकाटिप्पणी सुनियो। खासगरी सत्ताधारी दल नेकपाका नेता, कार्यकर्ता अनि समर्थकहरूले युवाहरूको प्रदर्शनप्रति अनेक टिप्पणी गरे। कतिपयको टिप्पणीमा कोरोना भाइरसको जोखिम फैलिन सक्ने त्रास थियो त कतिपयको तीव्र उपेक्षा। कतिपय बुज्रूकहरूले त युवाहरूको प्रदर्शनलाई कुनै अमूक शक्तिबाट परिचालित समूह पनि देख्यो। कसैले र मितेहरूको समूह देखे। कसैले आबारा केटाकेटीको तमासा पनि देखे। कसैले कुनै एनजीओ वा आईएनजीओबाट परिचालित मानिसको समूह देखे। कसैले राजनीतिक पार्टीको डिजाइनमा सुरू भएको सरकारविरोधी आन्दोलन पनि देखे। जसले जेजे देखे, सबैले आफ्नो बुझाइ, हैसियत र गच्छेअनुसारको टिप्पणी गरे।

युवाहरूको आन्दोलनलाई जसले जसरी अर्थ्याए पनि र देखे पनि त्यो आन्दोलन सरकारप्रतिको तीव्र असन्तुष्टिको अभिव्यक्ति थियो। राज्य र नागरिकबीच भएको करार कार्यान्वयन नहुँदाको निराशा थियो। गलत कामकारबाहीप्रति नागरिकमा मौलाउँदै गएको आक्रोशको संकेत थियो। त्यो नागरिक आक्रोश थियो– कोभिड १९ रोगको उपचार, क्वारेन्टिनमा बसेको नागरिकहरूको उचित खानपानको व्यवस्थापन, सम्भावित जोखिममा रहेका मानिसहरूको पीसीआर परीक्षणमा सरकारले देखाइरहेको उदासीनता र गैरजिम्मेवारीपनप्रति प्रश्न।

हो, राज्यका निकायहरू महासंकटलाई आयआर्जनको माध्यम बनाउँदै थिए। कोभिडको पर्दा हालेर राज्यकोषमा ब्रह्मलुट मच्चाउने योजना बुनिँदै थियो। त्यसैले ती प्रदर्शनमा उत्रिएका युवाहरूले कोरोनाको आवरणमा भएका भ्रष्टाचार र आर्थिक अनियमितता, सरकारको गलत कार्यशैलीको विरोध गर्दै सरकारलाई राजनीतिक रूपमा उत्तरदायी बन्न आग्रह गरे। तिनले समग्रमा शासनसत्तामा बसेकाहरूको अक्षमताविरूद्ध प्रदर्शन गरे। तिनले भ्रष्टाचारविरूद्ध प्रदर्शन गरे। तिनले सुशासनका पक्षमा आफ्नो अभिमत प्रकट गरे।

काठमाडौंको त्यो प्रदर्शनयता देशका सबैजसो सहरहरूमा 'इनफ इज इनफ' को ब्यानरमा युवाहरूको स्वस्फुर्त प्रदर्शन दुई साताभन्दा बढी समय जारी रह्यो। प्रदर्शन र विरोधकै क्रममा सोही प्रदर्शनमा संलग्न दुई युवाले सत्याग्रह सुरू गरे। जसै सत्याग्रहको अवधि लम्बिँदै गयो, तिनको स्वास्थ्यमा पनि समस्या आउँदै गर्दा सरकार र अनसनरत पक्षबीच वार्ता भई कोरोना संक्रमितको उपचार, क्वारेन्टिनमा बसेका नागरिकहरूको उचित व्यवस्थापन, पीसीआर परीक्षण तथा स्वास्थ्यसेवामा पहुँच अभिवृद्धि गर्नेलगायतका केही मागमा समर्थन गर्दै सरकारले सम्झौता गर्‍यो।

हाललाई युवाहरूको सत्याग्रह र इनफ इज इनफको आन्दोलन स्थगित भएको छ। तर, त्यो सम्झौता गरेको साता बितिसक्दा पनि कार्यान्वयन भएको छैन। बरू सरकार आफैं हराएको छ। विगतमा जस्तै सम्झौता गर्ने तर त्यसको पालना र कार्यान्वयन नगर्ने गलत संस्कारबाट ग्रसित सरकारी मानसिकता यसपटक पनि परिवर्तन हुन सकेन। अब फेरि सम्झौतापश्चात् हराएको सरकारलाई खोज्न अर्को संघर्ष आवश्यक भइसकेको छ। यसपटकको युवा प्रदर्शनले दिएको स्पष्ट सन्देश के हो भने अति भइसकेपछि नयाँ पुस्ता चुप भएर बस्ने छैन। नयाँ युवा पुस्ता जसलाई सामाजिक, राजनीतिक अभियानहरूबाट विमुख भएको ठानिँदै थियो, जसमा राजनीतिक चेतना छैन भनिँदै थियो, अनि जो उपभोक्तावादको चंगुलमा फसेर केवल वस्तु र सेवाको उपभोगमै सीमित भएको भनेर विश्लेषण गरिन्थ्यो। त्यो वर्ग अब आफ्नो अधिकार र यो देशको आर्थिक, सामाजिक अनि राजनीतिक परिवर्तनका लागि सडकमा उत्रिन तयार छ भन्ने स्पष्ट संकेत गरेको छ। यो प्रदर्शनले शासकहरूको नालायकीपनका विरूद्ध, अन्याय र अत्याचार अनि भ्रष्टाचार र कुशासनका विरूद्ध युवाहरू प्रतिरोध गर्दै सडकमा उत्रिन तयार छन् भन्ने सन्देश दिएको छ। अहिले कोभिड– १९ को महाव्याधीका कारण विश्वका सबैजसो देशहरूको अर्थतन्त्र संकुचित भएको छ। धेरैले रोजगार गुमाएका छन् र करोडौंको संख्यामा गरिबी बढ्ने अड्कलबाजी सुरू भएको छ। त्यसैले अब कोरोनाकालपछिको विश्वको अर्थराजनीति कसरी अघि बढ्छ ? त्यो अहिलेसम्म अनुमानमै सीमित छ। तर यत्ति प्रस्टै छ कि अब सबैले आआफ्नो क्षमता, स्रोतसाधन र सीप प्रयोग गरी आत्मनिर्भर/अन्तरनिर्भर प्रकृतिको दिगो विकास, समृद्धि र प्रगतिको अर्थराजनीतिक मार्ग अवलम्बन गर्नेछन्। त्यसैले हामीले पनि यो अवस्थामा अलि फरक तरिकाले सोच्नुपर्ने भएको छ।

यो फरकपनका लागि युवा जागरूक हुन जरूरी छ। पछिल्लो समय देखा परेको युवा जागरणले पनि केही सकारात्मक सन्देश दिएको छ। अबको पुस्ता साँच्चिकै विकल्प बनेर आउन जरूरी छ। यो देशको अर्थतन्त्र, सामाजिक सम्बन्ध, सांस्कृतिक परम्परा राजनीतिक बागडोर सञ्चालनके लागि नयाँ सोच, अवधारणा र विचारसँगै नयाँ पुस्ताका नयाँ अनुहारको आवश्यकता टड्कारो हुँदै गएको छ।

हाम्रो पुस्ताले समाज र देशका लागि के गर्‍यो अथवा हामी के गर्दैछौं ? हामी युवा भएकै कारण के गरिरहेका छौं ? इतिहासमा हाम्रै उमेर समूहको हुँदा अहिले राजनीतिको शीर्षतहमा बसेका नेतृत्वले पार्टी बनाए र विभिन्न राजनीतिक आन्दोलन चलाए। देशमा क्रान्ति गरे र संघर्ष गरे। अनेक गतिविधि गरे र आज हाम्रै उमेर बराबर शासनसत्ता पनि चलाइसकेका छन्। अझै पनि निर्विकल्प झैं ठानेर त्यही जीर्ण शरीरले हामीलाई शासन गरिरहेको छ। निसन्देह: युवा हुनुको अर्थ कसैको नीति र विचारमा सन्देह गर्नु हो। चलिआएको परम्परा, रीतिथिति र संस्कृतिमाथि पनि प्रश्न गर्नु हो। ती सबै परम्परा र चालचलन आजको युगअनुसार सुहाउँदो छ कि छैन ? जाँचपड्ताल गर्नु हो। छैन भने त्यसलाई सच्याउनु हो। जेजस्तो चलिआएको छ, त्यसलाई यथास्थितिमा स्वीकार नगर्नु हो। यी राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक सम्बन्धहरूको अन्तर्य बुझ्ने प्रयत्न गर्नु हो र आफ्नै विवेकको कसीमा सही र गलत छुट्याउनु हो।

युवा हुनुको अर्थ हो– समाज रूपान्तरणमा योगदान दिनु। समाज कहिल्यै पनि यथास्थितिमा बस्दैन। तर, समाजमा आफैं परिवर्तनको लहर पनि चल्दैन। खासखास समयमा परिवर्तनको लहर चलाउन केही धक्का आवश्यक पर्छ। हो, त्यो धक्का दिने काम युवाको हो। त्यसैले युवा हुनुको अर्थ– समाजको अर्थराजनीतिक रूपान्तरणमा भूमिका निर्वाह गर्नु हो। अझ भनौं सामाजिक एवं अर्थराजनीतिक परिवर्तनको संवाहक बन्नु हो। युवा हुनुको अर्थ हो– प्रतिरोध गर्नु। भ्रष्टाचार, व्यभिचार, विसंगति र कुशासनकाविरूद्ध लड्नु हो। खराबविरूद्ध संघर्ष गर्नु हो। असल कुराका पक्षमा उभिनु हो। सुशासन र सदाचारका पक्षमा अविचलित भएर संघर्ष गर्नु हो। समाज रूपान्तरण अनि आम नागरिकको अवस्थामा बदलाब ल्याउन संकल्प गर्नु हो। अनि त्यो संकल्प पूरा गर्न सत्मार्ग पहिचान गरी अविचलित भएर संघर्षशील हुनु हो। युवा हुनुको अर्थ हो– सिर्जनशील हुनु। आफ्नै बुतामा बाँच्ने प्रण गर्दै स्वावलम्बी हुनु हो। उद्यमशील र पौरखी हुनु हो। क्षमता र दक्षता अजमाएर आफ्नै खुट्टामा मजबुद हुनु हो। आफ्नै लय, कला र क्षमतामा बाँच्नु हो। आफ्नै कर्म र पौरखमा रमाउनु हो। आफ्नै पाखुरीका भरमा बाँच्नु र अरूलाई पनि बचाउनु हो। युवा हुनुको अर्थ हो– उत्पीडन र अन्यायविरूद्ध हस्तक्षेप गर्नु। सबै प्रकारका विभेदजन्य व्यवहार नगर्नु र त्यस्तो व्यवहारविरूद्ध संघर्ष गर्नु हो। समाजमा न्याय र समानता स्थापित गर्नु हो। यस्तो समाज बनाउने प्रण गर्दै त्यो प्राप्तिका लागि लड्नु हो। मानवता र भाइचारको प्रवर्द्धन गर्नु हो।

अनि युवा हुनुको अर्थ हो– प्रश्न गर्नु। के हामी युवाहरूले युवा हुनुको अर्थलाई आत्मसात गर्न सकेका छौं ? हामीले यसको अर्थ आत्मसात गरी व्यवहारमा लागू गर्‍यौं भने पक्कै पनि समाज बदलिने छ, राष्ट्र बदलिने छ अनि यो राष्ट्रका नागरिकको अवस्था पनि बदलिने छ।

# रेकी : प्राकृतिक उपचार विधी



यदि तपाईं यस्तो प्राकृतिक तरिका खोजिर हनुभएको छ, जसको मद्दतले तनाव कम गर्न वा शरीरलाई शान्त गर्न सकिन्छ । यसको निम्ति राम्रो विकल्प हो, रेकी ।

रेकी गर्ने विशेषज्ञले आफ्नो हत्केला रोगीको शरीरमा फैलाउँछन्, जसको मद्दतले रोगीको शरीरमा उर्जा संचार हुन्छ । यो एक जापानी पद्धती हो, जो विश्वमै उपयोग गरिन्छ । मिकाओ उसुईले सन् १९२२ मा रेकी पद्धती विकास गरेको पाइन्छ । यो उपचार विधीमा हत्केलाको प्रयोग हुन्छ ।

रेकीको प्रभावकारीताबारे पर्याप्त खोज र अनुसन्धान भने हुन बाँकी नै छ । यसलाई कुनैपनि औषधि-उपचारको विकल्पको रूपमा भने लिन सकिदैन । यसले शरीरमा कुन हिसाबले प्रभाव पार्छ भनेर खास खोज-अनुसन्धान भएको छैन ।

यद्यपि जतिपनि अध्ययन भएको छ, त्यसबाट थाहा भएको छ रेकी एक प्रभावकारी उपचार विधी हो । धेरै व्यक्तिमा यसको राम्रो प्रभाव देखियो । रेकी प्रक्रियालाई पूर्ण रूपमा सुरक्षित मानिन्छ ।

**रेकी हिलिङ के हो ?**

रेकी शब्द दुई जापानी शब्द मिलेर बनेको छ । 'रे'को अर्थ हो उच्च शक्ति र 'कि'को अर्थ जीवनको उर्जा ।

रेकी प्राकृतिक रूपले आध्यात्मिक हुन्छ । तर, यो धर्मसँग सम्बन्धित छैन । यो पद्धती यस विचारमा आधारित छ कि, जीवनको उर्जाले हामी सबैलाई जीवित राख्छ । त्यो केही निश्चित विधीबाट शरीरभित्र प्रवाहित हुन्छ ।

रेकी अर्न्तगत हत्केलाको माध्यामबाट रोगीको शरीरमा उर्जा संचार गर्न सकिन्छ । यस पद्धती अनुसार हत्केलालाई एक विशेष ढंगले राखिन्छ । हुन त अहिले यसमा पनि भिन्न भिन्नै तरिकाको अभ्यास भइरहेको छ ।

**कसरी गरिन्छ रेकी**

रेकी शान्त माहौलमा गर्नु राम्रो मानिन्छ । यद्यपि जुनसुकै स्थानमा पनि गर्न सकिन्छ । व्यक्तिलाई सुताएर वा बसाएर रेकी गरिन्छ । यसका लागि कपडा खोलिरहनुपर्ने आवश्यक्ता हुँदैन । यदि सेवाग्राहीले चाहेको अवस्थामा मधुरो धुन पनि बजाउन सकिन्छ । यस क्रममा रेकी गरिदिने व्यक्तिले आफ्नो हत्केला रोगीको टाउको, निधार आदि स्थानमा राख्छन् र २ देखि ५ मिनेटभित्र आफ्नो हातको आकृति बदल्छन् । रेकीका क्रममा हातलाई रोगीको शरीरमा २० भिन्न भिन्नै स्थानमा राखिन्छ । हत्केलाको हल्का स्पर्शले न्यानो एवं तरंग अनुभव हुन्छ । रेकी प्रशिक्षकले एक स्थानमा त्यस बेलासम्म हत्केलाले स्पर्श गरिरहन्छन्, जबसम्म त्यहाँ उर्जा संचार हुन्छ ।

**के हुन्छ फाइदा ?**

रेकी विशेषज्ञका अनुसार यस प्रक्रियाबाट विशेष उर्जा शरीरभित्र संचार गराउन सकिन्छ । यसले शारीरिक, मानसिक, भावनात्मक एवं आध्यात्मिक रूपमा शान्त र आनन्दित तुल्याउँछ । चिन्ता, तनाव, डिप्रेसन नियन्त्रण गर्न सहयोग गर्छ । यसैगरी ह्दय रोग, बाँझोपन, क्रोन रोग आदिमा समेत रेकी लाभदायक हुने बताइन्छ ।

# दिनभरि फुर्तिलो रहनलाई यी खानेकुरा खानुस्

आजकलको व्यस्त जिन्दगीमा काम गर्नका लागि अत्यधिक ऊर्जा चाहिन्छ । तर केही मानिस अलिकति काम गर्नेबित्तिकै थाक्छन् । अनि दिनभरि काम गरेपछि व्यक्तिको स्टामिना एकदमै कमजोर हुँदै जान्छ । स्टामिना बढाउनका लागि भोजनमा कार्बोहाइड्रेट्स, भिटामिन सी, प्रोटीन र आइरनको मात्रा भरपूर हुनुपर्छ । यहाँ हामी केही खानेकुराका बारेमा कुरा गर्दैछौं जसको सहायताले तपाईं शरीरमा आवश्यक तत्वको कमी पूरा गरेर स्टामिना बूस्ट गर्न सक्नुहुन्छ ।

**बदाम**

क्यास्लियम, फाइबर, प्रोटीन र पोटेसियमले भरपूर बदाम दिनदिनै सेवन गर्दा स्मरणशक्ति बढ्छ । यसबाहेक खाली पेटमा भिजाएको सातआठवटा बदाम खाँदा दिनभरि शरीरलाई ऊर्जा मिल्छ ।

**मुँगको दाल**

मुँगको दाल उमालेर वा अंकुरित गरेर खाँदा पनि स्टामिना बूस्ट हुन्छ । भिटामिन सी र बीले भरपूर मुँगको दाल सेवन गर्दा स्वास्थ्य गजबको हुन्छ ।

**चुकन्दर रस**

दिनदिनै चुकन्दरको रस पिउँदा मांसपेशीहरू बलिया हुन्छन् अनि शरीरलाई ऊर्जा पुग्छ ।

**अंकुरित चना**

बिहान नियमित रूपमा खाली पेट अंकुरित चना खाँदा दिनभरि शरीरमा ऊर्जा रहन्छ । तीस ग्राम टुसा पलाएको चना खाँदा शरीरमा प्रोटीन, भिटामिन र पोषक तत्वको कमी पूरा भएर स्टामिना बढ्छ ।

**दाल**

दिनभरि आफूलाई ऊर्जाशील राख्न चाहनुहुन्छ भने बिहानै दाल खाने गर्नुस् । यसले तपाईंलाई ऊर्जाशील बनाउनुका साथै पेटको रोगबाट पनि मुक्ति दिलाउँछ ।

**पालुंगो**

स्टामिना बढाउनका लागि पालुंगोको सूप, जुस वा सागपात सेवन गर्नु सबभन्दा राम्रो विकल्प हो । दिनबाट एकचोटि पालुंगोको सूप वा जुस पिउँदा घन्टौंसम्म ऊर्जा पाइन्छ ।

**केरा**

बिहान एउटा केरा खाँदा रोगप्रतिरोधक क्षमता बढ्छ र शरीरलाई ऊर्जा प्राप्त हुन्छ ।

यसबाहेक दिनमा सुस्तता आयो वा लो फील हुँदा जम्मा एउटा केरा खानुस् । सुस्तता भाग्छ ।

# बिहान उठेदेखि राति सुतेसम्म गर्नुस् यी काम, हुनुहुनेछ तन्दुरुस्त



व्यस्त तालिकाका कारण मानिस स्वास्थ्यमा राम्ररी ध्यान दिन पाउँदैनन् । यसले गर्दा तपाईंले ससाना समस्याको सामना गर्नुपर्ने हुन्छ । अनि घर र अफिस दुवैतिर काम गर्ने हुँदा पनि स्वास्थ्यमा ध्यान दिन पाइँदैन ।

यस्तो व्यस्त जीवनमा आफूलाई तन्दुरूस्त राख्नका लागि केही टिप अपनाउनुपर्छ ।

बिहान उठ्नेबित्तिकै एक गिलास तातोपानीमा कागती वा मह हालेर पिउनुस् । यो पिउँदा शरीरमा भएका विषाक्त तत्त्व बाहिर निस्कन्छन् र पाचनतन्त्र सही रहन्छ । स्वास्थ्य सही राख्नका लागि ब्रेकफास्ट गर्नुपर्छ । दिनको शुरूआतमा जहिले पनि पौष्टिक खानेकुरा खानुस् । जहिले पनि ७ र ९ बजेको बीचमा नास्ता गर्नुस् । यसो गर्दा तपाईंको दिमाग दिनभरि सक्रिय रहन्छ र ऊर्जास्तर पनि बढ्छ ।

दिउँसो घरबाहिर अस्वस्थकर खानेकुरा खाँदै नखानुस् । फल, चना, ड्राई फ्रुट खाने गर्नुस् । अनि जुस पिए हुन्छ । खोजीखोजी पौष्टिक खानेकुरा खानुस् । काम गर्दागर्दै थकाइ लागेर चिया कफी पिउने गर्नुभएको छ भने छोडिदिनुस् । यसले स्वास्थ्यलाई हानि गर्छ । बरू कागतीपानी वा डिटक्स ड्रिंक पिउनुस् । यसबाहेक लस्सी वा उखुको रस पिउन सक्नुहुन्छ । यसले शरीरलाई ऊर्जा दिन्छ । केही मानिस बिहान टन्न पेट भर्छन्, दिउँसो केही खाँदैनन् अनि राति पनि पेट फुट्नेगरी खाना खान्छन् । यो गलत हो । दिनमा कुचुकुचु केही खाइरहनुस् । यसो गर्दा शरीरमा बोसो जम्न पाउँदैन अनि ऊर्जा कायम रहन्छ । बिहान बेलुका केही क्षण डुल्नु स्वास्थ्यका लागि सही हुन्छ । राति भात खाएपछि त अवश्य नै टहल्नुस् ।

दिनभरिमा आठ गिलास जति पानी पिउनु स्वास्थ्यका लागि राम्रो हुन्छ । यसले शरीरको हानिकारक तत्त्व बाहिर निकाल्न मद्दत गर्छ । यसले पाचन क्रिया पनि दुरुस्त पार्छ र मुटुको रोगको खतरा पनि कम गर्छ । लिफ्ट चढ्नुभन्दा भ-याङ चढेर तलमाथि गर्नु राम्रो हुन्छ । यसले गर्दा तपाईंलाई व्यायाम पनि हुन्छ र रोगबाट पनि बचिन्छ । अनि तपाईं तन्दुरुस्त हुनुहुन्छ । सफा कपडा लगाउनुस् अनि संवेदनशील अंगहरूलाई सफा राख्नुस् । यसो गर्दा रोग लाग्न पाउँदैन ।

दिनदिनै व्यायाम अवश्य गर्नुस् । योग गर्न पनि सक्नुहुन्छ । यसो गर्दा तपाईं शारीरिक र मानसिक रूपमा फिट हुनुहुनेछ । व्यायाम बिहान बेलुका जतिखेर पनि गर्न सक्नुहुन्छ । दिनमा ८ देखि ९ घन्टा अवश्य सुत्नुपर्छ । त्यसो गर्दा दिनभरी ताजा अनुभव गर्न सक्नुहुनेछ । घरमा वा अफिसमा काम गर्दा बस्ने पोजिसनमा ध्यान दिनुस् । कुर्सीमा धेर नबस्नुस् । त्यसरी बस्दा ढाडको समस्या हुन्छ ।

# गोलभेँडा खानुको फाइदा ?

तरकारीलाई स्वादिलो बनाउन आजभोलि गोलभेँडाको प्रयोग अनिवार्य जस्तै भएको छ । अचार तथा सुपको लागि यो नभई हुँदैन ।

गोलभेँडामा भिटामिन सी, लाइकोपीन, भिटामिन, पोटासियम पर्याप्त मात्रामा पाइन्छ । यसको प्रयोगले कोलेस्ट्रोल कम गर्न पनि सहयोग पुग्ने जनाइएको छ । मानिसलाई वजन घटाउन पनि गोलभेडा फाइदाजनक छ । तर यसको राम्रो फाइदा भनेको पकाउँदा पनि पोषक तत्व जाँदैन ।

गोलभेँडाकोप्रयोगले केही रोगको रोकथाम पनि गर्न सकिन्छ । बिहान पानी नपिइकन पाकेको गोलभेँडा खाएमा स्वास्थ्यको लागि निकै फाइदा हुनेछ । यदि बच्चालाई सुख्खा रोग भएको खण्डमा प्रत्येक दिन एक गिलास गोलभेँडाको जुस पिलाउँदा बिरामीबाट आराम मिल्छ । बच्चाको मानसिक तथा शारीरिक विकासका लागि गोलभेँडा निकै फाइदाजनक हुन्छ । मोटोपन घटाउनका लागि पनि गोलभेँडाको प्रयोग गर्न सकिन्छ । प्रतिदिन एक देखि दुई गिलास गोलभेँडाको जुस पिउनले वजन घट्छ ।

गर्भावस्थामा गोलभेँडाको सेवन गर्नु लाभदायी हुन्छ ।

यदि पेटमा जुका वा अन्य किरा भएको खण्डमा गोलभेँडामा मरिच मिसाएर खाँदा फाइदा हुन्छ ।

गोलभेँडाको गुदीलाई अनुहारमा दल्दा पनि निकै फाइदा हुन्छ ।

## थाहा नगरपालिकाको जरुरी सूचना !

चीनको हुबेई प्रान्तको राजधानी वुहानबाट शुरु भई हाल विभिन्न मुलुकहरुमा फैलिरहेको र विश्व स्वास्थ्य संगठन अनुसार नेपालमा समेत जोखिमको उच्च सम्भावना देखिएको कोरोना भाइरसको संक्रमणबाट सुरक्षित रहन तथा जोखिम कम गर्न यस थाहा नगरपालिकाको २०७६ फागुन २२ गते सम्पन्न कार्यपालिका बैठकको निर्णय अनुसार स-साना जमघट, भेटघाट बाहेकका जात्रा-पर्व, मेला महोत्सव जस्ता कार्यक्रम संचालन नगर्न नगराउनुहुन आम थाहा नगरबासीहरुमा अनुरोध गरिन्छ । साथै, भीडयुक्त स्थानहरुमा नजानुहुन र त्यस्ता कार्यक्रमहरुमा सहभागी नहुन समेत थाहा नगरपालिका मकवानपुर अनुरोध गर्दछ । कोरोना भाइरसको संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सम्पूर्ण महानुभावहरुलाई स्वास्थ्य अवस्था बारे सचेत रहन, व्यक्तिगत सरसफाईमा ध्यान दिन, खोक्दा, हाछ्यूँ गर्दा अनिवार्य नाक मुख छोप्न, रुघाखोकी लागेमा मास्कको प्रयोग गर्न, खानेकुरा खानु अघि अनिवार्य रुपमा साबुन पानीले हात धुनुहुन र कुनै लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा तत्काल सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय,
इन्द्रायणी चौर, मकवानपुर

## हेटौंडाको युवाको चेतावनी

# 'अर्को वर्ष भोट माग्न 'आउँदा बिचार गर्नु




◆ विकास संवाददाता

हेटौँडाका युवाहरूले अर्को वर्ष भोट माग्न आउँदा बिचार गर्न जनप्रतिनिधिलाई आग्रह गरेका छन् । स्थानीय निवाचन ताका युवाहरूसँग गरेको बाचाको कार्यन्वयन पक्ष फितलो भएको भन्दै उनीहरूले बेरोजगार युवाको समस्या समधान गर्न नसकेको आरोप लगाए । स्वतन्त्र युवा समुहले हेटौँडा ३ बसामाडीमा गरेको कार्यक्रममा बोल्दै अभियान्ता महेश मगरले युवाहरूलाई दलले पार्टीको झोला बोक्ने झोलेमात्र बनाएको आरोप लगाए ।

उनले देशमा युवाहरूलाई स्वतन्त्र भएर बाँच्न दिने अवस्थाको सृजना नभएको भन्दै अब युवाहरू एक भएर उभिनुपर्ने बताए ।

विकास भनेको सडक, खानेपानी, बिजुली मात्र देख्ने जनप्रतिनिधिले युवाको समस्या समधान गर्न पछि परेको भन्दै उनले अर्को चुनावसम्म युवाको मागलाई व्यवस्था गरे चुनावमा युवाले त्यस्ता जनप्रतिनिधिको पत्तासाफ गराईदिने दाबी गरे। कार्यक्रममा उपस्थित भएका अधिकांश युवाहरूले युवाहरूलाई विदेश पलायन हुनबाट रोक्नको लागि योजना बनाउन माग गरे ।

कार्यक्रममा बोल्दै हेटौँडा उपमहानगरपालिका वडा नंबर ३ को वडा अध्यक्ष रामकुमार पुडासैनीले युवाहरूको समस्या समाधानको लागि आफुहरू तयार रहेको बताए। आफुहरूले वडामा युवालाई युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरेको समेत बताए। युवाहरूको समस्या, बेरोजगारी कम गर्ने उपायको बारे आफुहरू सचेत रहेको समेत उनको भनाई रहेको छ ।

# हेटौंडा खानेपानीले दियो २५ प्रतिशत छुट




◆ विकास संवाददाता

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले कोरोनाको कारण सरकारले गरेको लकडाउनका समयमा आफ्ना १३ हजार उपभोक्तालाई चैत महिनाको खानेपानी महशुलको जरिवाना बापतको रकममा ४ लाख छुट दिएको छ ।

२०७६ चैतमा बसेको बोर्ड १२२ औँ बैठकको २०७६ फागुन देखी २०७७ बैशाख महिनाको पानी महशुल २०७७ जेष्ठ मसान्त भित्र भुक्तानी गरेमा महशुलमा लाग्ने (विलम्ब शुल्क) जरिवाना छुट र २०७६ चैत महिनाको न्युन्तम पानी महशुलमा २५५ छुट दिने निर्णय अनुसार नै २०७७ जेठ मसान्त सम्म करिब १३ हजार उपभोक्तालाई छुट दिइएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सुर्दशन ढकालले प्रष्ट खबरलाई बताए ।

२०७६ चैत ११ गते देखि २०७७ जेठ मसान्त सम्म १३ हजार ५सय ५५ जना खानेपानी उपभोक्तहरूले पानीको महशुल बापत १ करोड ६६ लाख ९२ हजार ६५५ रूपैया पानी महशुल बुझाएको र चैत महिनामा दिइएको २५ प्रतिशत छुट बापतको रू ४ लाख २८ हजार रूपैया छुट दिइएको – कार्यकारी निर्देशक ढकालले भने ।

उनले लकडाउनका अवधिमा तिर्न बाँकी रहेको महशुलको जरिवानमा दिएको छुटको व्यपस्था नयाँ आर्थीक बर्ष सुरू भइसकेकोले सकिएको तर चैत महिनामा दिइएको र चैत महिनाको महशुल भुत्तान गर्न बाँकी उपभोक्ताले पाउने २५ प्रतिशत छुट यथावत रहेको बताए ।

# बागमती प्रदेशमा प्रहरी भर्ना गर्ने बाटो खुल्यो

◆ विकास संवाददाता

बागमती प्रदेशमा प्रदेश सरकार मातहत प्रहरी भर्नागर्ने बाटो खुलेको छ। बागमती प्रदेश सभाको आज बसेको बैठकले प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसमतिले पारित गरेसंगै प्रदेश सरकार मातहतको प्रहरी भर्ना गर्ने बाटो खुलेको आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेलले वताउनुभयो ।

प्रदेश सभा बैठकमा आन्तरिक मामिला तथा कानूनमन्त्री जम्मकट्टेलले सो विधेयक पारित गरियोस् भनि प्रस्तुत गरेको प्रस्ताब सर्वसमतिले पारित भएको हो ।

सोही बैठकमा प्रदेश मामिला समितिका सभापति माधवप्रसाद पौडेलले प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा समितिले गरेको निर्णयको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

प्रहरी विधेयक पारित गरिएपछि कानूनमन्त्री जम्मकट्टेलले संक्षिप्त कुराकानी गर्दै प्रदेश सरकारले प्रदेशमा प्रहरी ऐनमा उल्लेख भएको काम, कर्तव्य, अधिकार र प्रहरीको पदस्थापनको साथै सरूवा र बढुवालगायत अधिकार प्रत्यायोजित गर्ने सन्दर्भमा मार्ग सहज भएकोमा खुसी व्यक्त गर्नुभयो ।

# रानी सामुदायिक वनद्वारा छात्रवृति र अनुदान वितरण




◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिका वडा नम्बर ६ मा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको छात्रवृति तथा गोवरग्याँस प्लान्ट निर्माण अनुदान वितरण कार्यक्रम सम्पन्न गरेको छ।

वन समूहका अध्यक्ष कृष्ण विडारीको सभाध्यक्षता भएको कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंको प्रमुखआतिथ्यता रहेको थियो।कार्यक्रममा टोल विकास संस्था समन्वय समिति हेटौँडा ६ का अध्यक्ष केशव धिताल,चौघडा वचत तथा ऋण सहकारीका अध्यक्ष श्याम प्रसाद श्रेष्ठ, समूहका सल्लाहकार बलराम अधिकारी,कार्यालय सचिव भिमसेन पौडेल लगायतकाको उपस्थिति रहेको थियो।कार्यक्रममा बोल्दै वन समूहका अध्यक्ष कृष्ण विडारीले रानी वनले पर्यटनमा पनि जोड दिएको बताए।उनले वनको क्षेत्रकै शान्तिटोलमा 'स्वर्गीय विपि गणेशमान स्मृति शान्ति पार्क' निर्माण एवं संचालनमा रहेको र यसलाई थप विकास गर्दै लैजाने वन समूह प्रतिवद्ध रहेको बताएका छन्।

कार्यक्रममा ४ जनालाई जनहि ५ हजारको दरले २० हजार बराबरको छात्रवृत्ति प्रदान गरिएको छ भने गोबर ग्याँस प्लान्ट निर्माण गरे वापत ५ जनालाई जनहि १ हजारका दरले ५ हजार अनुदान वापतको रकम वितरण गरिएको थियो।

# ट्राफिक प्रहरीले लगाई दिए ८५ जनालाई मास्क



◆ विकास संवाददाता

सरकारले बाहिर आवतजावत गर्दा अनिवार्य मास्क लगाउन भनेपनि, सवारीसाधन चलाउदा वा पैदल यात्रामा रहेकाले मास्क नलगाएपछि मकवानपुर ट्राफिक प्रहरीले हात जोडेर मास्क लगाउन अनुरोध गर्दै मास्क नलगाएकालाइ मास्क लगाइदिएको छ।

मकवानपुर ट्राफिक प्रहरीले मास्क नलगाई हिडेका करिब ८५ जनालाई मास्क लगाइदिएको हो ।

हेटौँडा– ११ राप्ती पुल नजिक चेकजाँचका क्रममा मास्क नलगाएका मोटरसाइकल, स्कुटर र अन्य सवारी चालक र यात्रुलाई मास्क भएर पनि नलगाउनेलाई मास्क लगाउन अनुरोध गर्दै मास्क लगाउन र मास्क नभएकालाई ट्राफिक प्रहरीले मास्क लगाइदिएको मकवानपुर ट्राफिक प्रहरी प्रमुख हरिविष्णु ढकालले बताएका छन्।

'चेकजाँचका क्रममा एक पटककालागि मास्क लगाउन सम्झाइ बुझाई गर्दै मास्क नलाएका करिब ८५ जनालाई मास्क लगाइदिएर पठाएका छौं' –ढकालले भने।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN • FLEX PRINT • PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# पशु विज्ञान र हाइड्रोपावर इन्जिनियरिङ अध्यापनका लागि निर्णय पेश




◆ विकास सम्वाददाता

मकवानपुर थाहा नगरपालिकामा डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) र डिप्लोमा इन हाइड्रोपावर इन्जिनियरिङ अध्यापनको पहल भएको छ ।

थाहा बहुप्राविधिक शिक्षालय चित्लाङ संचालन समितिको बैठकले थाहा नगरपालिकामा यि दुई विषय अध्यापनको लागि शिक्षालयको केन्द्रिय कार्यालयलाई कार्यार्थ सिफारिस गरेको हो । थाहा बहुप्राविधिक शिक्षालय चित्लाङ संचालन समितिका अध्यक्ष तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी दिपक राज नेपालको अध्यक्षतामा ३० असारमा बसेको बैठकले सिफारिस गरेको हो । शिक्षालयको पञ्चवर्षे रणनीतिक योजना अनुसार नगरमा दुई विषयको अध्यापन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले केन्द्रिय कार्यालयमा कार्यार्थ पेश गर्ने निर्णय गरिएको थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टले जानकारी दिए ।

बैठकले शिक्षालयमा वस्तु तथा सेवा इकाइ गठन गर्ने पनि निर्णय गरेको छ । यसको जिम्मेवारी शिक्षालय प्रमुख प्रदिपराज बसौलालाई दिने बैठकको निर्णय छ । यसको कार्यविधि निर्माण प्रक्रियामा गैसकेको प्रमुख बसौलाले जानकारी दिए ।

बैठकमा संचालन समितिका पदाअधिकारीहरू, थाहानगर प्रमुख लवशेर विष्ट, प्राविधिक शिक्षा तथा तालिम परिषदका बागमती प्रदेश उपनिर्देशक श्रीधर नेपाल, वन वित्रान संयोजक र विन थापा लगायतकाको सहभागिता रहेको थियो ।

# प्यासिफिक सहकारीद्वारा भिटिएम सहयोग



◆ विकास सम्वाददाता

थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको प्यासीफिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले थाहा नगरपालिकालाई भिटिएम सहयोग गरेको छ ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका क्रममा थाहा नगरपालिकाले गरिरहेको कार्यमा सहयोग पुऱ्यउउन प्यासीफिक सहकारीले ३ सय थान भिटिएम सहयोग गरेको हो । सहकारीले नगर प्रमुख लवशेर विष्टको विषेश उपस्थितीमा सहकारीका अध्यक्ष राजेन्द्र विडारीले स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीलाई भिटिएम हस्तान्तरण गरेका हुन् । हस्तान्तरण कार्यक्रममा सहकारीका अध्यक्ष विडारी, उपाध्यक्ष मिना जोशी, सचिव सविनभक्त श्रेष्ठ,। कोषाध्यक्ष रूपचन्द्र गोपाली, व्यववस्थापक राजन भक्त श्रेष्ठ लगायत सहकारीका सदस्यहरूको उपस्थिती रहेको थियो ।

प्यासीफिक सहकारीले स्वास्थ्य क्षेत्रमा यसअघि बज्रवाराही स्वास्थ्य चौकी, टौखेल शहरी स्वास्थ्य केन्द्रलाई समेत विभिन्न सहयोग गर्दै आएको छ । सहकारीले वर्षेनी आफ्नो साधारणसभाको अवसरमा यस्तो सहयोग गर्दै आएको छ भने विपदमा परेका नागरिकहरूलाई समेत सहयोग गर्दै आएको छ ।

## नौ करोडमा टिष्टुङमा विद्यालय.............

तीन तलाको तीनवटा विद्यालय भवन जाइकाको आठ करोड ९५ लाख रूपियाँको लागतमा निर्माण सम्पन्न भएको हो । करिब पाँच रोपनी जग्गामा निर्माण सम्पन्न विद्यालय भवनमा विज्ञान ल्याब, पुस्तकालय, कम्प्युटर कक्षा, ईसीडी कक्षाका लागि फर्निचर लगायतका पूर्वाधार पर्याप्त छ । बागेश्वरी माविसहित १२ वटा विद्यालय भवन प्याकेजमा निर्माण सुरू गरिएकोमा ११ वटा विद्यालय भवन निर्माण भएर विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण भइसकेको छ ।

विद्यालयका प्रधानाध्यापक वीर मान स्याङ्तान नयाँ विद्यालय भवन निर्माणसँगै भूकम्पले क्षतिग्रस्त विद्यालय भवन र टहरामा त्रासमा पढ्नु र पढाउने पर्ने बाध्यता हटेको बताए । भूकम्पले क्षतिग्रस्त पुरानै भवन र टहरामा त्रासका बीच विद्यार्थी पढ्दै आएका थिए । उहाँले अब निर्धक्कसँग पढ्न र पढाउन पाइने भइयो ।

गत शैक्षिक सत्रमा ५८० जना विद्यार्थी रहेको जानकारी दिँदै प्रधानाध्यापक स्याङ्तानले नयाँ शैक्षिक सत्र सुरू हुने वैशाखबाट नयाँ भवनमा पढाउने लक्ष्य बनाइएकोले बन्दाबन्दीका कारण धकेलिएको बताए । उनका अनुसार दुई वटा भवनका १८ वटा कक्षामा पढाइ गरिने छ भने एउटा भवन प्रशासनिक लगायतका कार्यका प्रयोगमा ल्याइने छ ।

विद्यालयमा हाल माध्यमिक तहमा राहत शिक्षक तीन, निम्न माध्यमिक राहत शिक्षक तीन, प्राथमिक तहको दर बन्दीका छ र बाल विकासतर्फका एक जना शिक्षक अध्यापनरत छन् । विद्यालयमा साबिकको टिस्टुङ गाउँ विकास समिति अर्थात् हालको थाहा नगरपालिका ११ र १२ नम्बर वडाका बालबालिका अध्ययनरत छन् ।

# इन्द्रसरोवर कर्मचारी स्वागत तथा बिदाई

◆ विकास सम्वाददाता

इन्द्रसरोवर गाउँपालिकामा कर्मचारी स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न भएको छ । इन्द्रसरोवर गाउँपालिकाले एक औपचारिक कार्यक्रमका बिच कर्मचारीहरूको विहिबार स्वागत तथा बिदाई गरेको हो । गाउँपालिकामा समायोजन भएर आउनु भएका लेखा अधिकृत राम सिं बस्नेत, नवनियुक्त असिस्टेन्ट सव इन्जिनियरहरू लाल बाबु यादब र शंकर सञ्जेललाई स्वागत सहित संघिय जलाधारमा समायोजन भई जान लाग्नुभएका कार्यालय सहयोगी सनत कुमार लामिछानेलाई बिदाई गरिएको हो । इन्द्रसरोवर गाउँपालिका वडा नं २ का वडा अध्यक्ष राजुमान महर्जनको आतिथ्यता तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडीको संयोजकत्वमा कार्यक्रममा कार्यक्रम भएको हो । कार्यक्रममा बोल्नुहुँदै वडा नं २ का अध्यक्ष महर्जनले राष्ट्रसेवक कर्मचारी जहाँ रहँपनि राष्ट्रकै सेवा गर्ने भएकाले जिम्मेवार भएर सेवा गर्नुपर्ने बताउनुभयो । यस्तै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऐडीले कार्यक्रममा बोल्नुहुँदै नवनियुक्त कर्मचारीहरूले सबैसँग समन्वय र सहकार्य गरेर काम गर्न सुझाब दिनुभयो ।

# नन्दीकेश्वर उत्कृष्ट



◆ विकास सम्वाददाता

थाहा नगरपालिकाले आफ्नो सेवा क्षेत्रबाट सबैभन्दा बढि दुध संकलन गर्ने दुध संकलन केन्द्रलाई नगदसहित सम्मान गरेको छ । नगरपालिकाले आयोजना गरेको कार्यक्रममा नन्दीकेश्वर डेरी उत्कृष्ट घोषित भएको छ ।

नन्दीकेश्वरले ११ हजार नगद सहित सम्मानित भएको हो । उक्त डेरीले चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १ लाख ४ सय ६१ लिटर दुध संकलन गरेको थियो । उत्कृष्ट संकलन केन्द्रहरूलाई नगर उपप्रमुख खड्ग गोपालीले पुरस्कार वितरण गरेका थिए ।

त्यस्तै पशुपालक कृषक समूह द्विवतीय भई नगद ९ हजार, एकीकृत कृषि सहकारी संस्था लि थाहा-२ तृतीय भई ७ हजार, घर्तिखोला दुध संकलन केन्द्र चौथो भई नगद ५ हजार, ओखबर बजार डेरी पाँचौ भई ३ हजार, थानाबजार डेरी छैठौं भई २ हजार र फाँटबजार दुध संकलन केन्द्र सातौंभई नगद १ हजार सहित सम्मान पत्र पाएको छ ।

यसैबीच कार्यक्रमको अवसरमा थाहा नगरपालिकाकै पहिलो गाई फार्म 'नन्दीकेश्वर गाई फार्म'लाई पुरस्कृत गरेको छ । फार्मका संचालक उद्धव भट्टलाई नगद ११ हजार रूपियाँसहित नगरपालिकाले सम्मान गरेको हो ।

# तीन लाख लिटर दूध उत्पादन

◆ विकास सम्वाददाता

आर्थिक वर्ष २०७६/७७ मा मकवानपुरको थाहा नगरपालिकामा दुई लाख ९३ हजार लिटर दूध उत्पादन भएको छ । नगरपालिकाभित्र पकेट क्षेत्रमा रहेका पशुपालक कृषकले डेरी तथा दूध संकलन केन्द्रमा बिक्री गरेको दूध परिमाणका आधारमा नगरपालिका पशुसेवा शाखाले यो तथ्याङ्क सार्वजनिक गरेको हो । नगरका घर्तीखोला, फाँटबजार, थाना बजार, ओखर बजार र बज्रबाराही क्षेत्रका ३०६ कृषकले पालेको गाईभैंसीबाट दुई लाख ९३ हजार ७२ लिटर दूध उत्पादन भएको थाहा नगर पशु सेवा शाखामा प्रमुख राघवेन्द मिश्रले बताए ।

शाखा प्रमुख मिश्रका अनुसार थाहा -२ को एकीकृत कृषि सहकारी संस्था लिमिटेडले चार स्थानमा स्थापना गरेको दूध संकलन केन्द्रमा गरी ९७ कृषकले एक लाख १६ हजार ६४२ लिटर दूध बिक्री गरेका थिए । त्यसैगरी थाहा-६ बज्रवाराहीको पशुपालन कृषक समूहले १०६ कृषकबाट ९५ हजार ९६९ लिटर र निजी क्षेत्रबाट सञ्चालित नन्दीकेश्वर डेरीले १०३ कृषकबाट एक लाख ४६१ लिटर दूध संकलन गरेको उनले जानकारी दिए ।

## बाइस करोडभन्दा बढी.............

यो वर्ष अधिकांशले आलुलगाएको खेतबारीमा मकै र केहीले तरकारी लगाएका छन् । उनले भने, बन्दाबन्दीका कारण स्थानीयले उत्पादन गरेको तरकारी बिक्री नभएको उचित मूल्य नपाउने समस्याका कारण यो पटक अधिकांशले मकै खेती गरेका हुन् ।

गत वर्ष पनि आलुमा फल लाग्ने समयमा अधिक वर्ष भएका कारण डढुवा लागेर बोट मर्दा आलु उत्पादनमा २०-२५ प्रतिशतले ह्रास आएको थियो । थाहा नगरपालिकाको करिब छ सय हेक्टर क्षेत्रफलमा आलु खेती गरिएको थियो ।

कृषकले कार्डिनल, स्थानीय रातोलगायतका चार जातका आलु आफ्नो खेतबारीमा लगाएका थिए । सिँचाइ सुविधा नभएको स्थानमा आकांशको भरमा पर्नुपर्ने र उत्पादित आलु भण्डारण गर्न काठमाडौँ र हेटौँडासम्म धाउनुपर्ने बाध्यता रहेको छ ।

सिँचाइ सुविधा नभएको क्षेत्रमा सुरूमा सुक्खाका कारण आलु उत्पादन कम हुने र आकाशको भर पर्नुपर्ने समस्या रहेको छ । दामन-पालुङ क्षेत्रमा शीत भण्डारको अभावमा उत्पादन गरेको आलु बढी मूल्य पाउने समयमा पछि बिक्री गर्न मात्र होइन बीउका लागि भण्डारण गर्नसमेत समस्या हुँदै आएको छ ।

दामन-पालुङमा शीत भण्डार नहुँदा बीउ आलु भण्डारण गर्न काठमाडौँ वा हेटौँडा पुग्नुको विकल्प कृषकसँग नरहेकोमा हाल थाहा नगरमा शीत भण्डार निर्माण सुरू गरिएको छ । बाग्मती प्रदेश सरकार, थाहा नगरपालिका र स्थानीय सहकारी संस्थाहरूसँगको सहकार्यमा शीत भण्डार निर्माण सुरू गरिएको हो । स्थानीय कृषकले उत्पादन गरेको आलु काठमाडौँ, चितवन, वीरगञ्ज, हेटौँडा, पोखरालगायतका स्थानमा बिक्री हुँदै आएको छ ।



## श्री सरस्वती माध्यमिक विद्यालय

थाहा-७, देउखेल मकवानपुर

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

सुचना प्रकाशित मिति: २०७७/०४/०४

मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नम्बर ७ मा रहेको यस विद्यालयमा थाहा नगरपालिका शिक्षा शाखाको मिति २०७७/०४/०२ को विज्ञापन अनुमतिपत्र अनुसार प्रदेशबाट प्राप्त शुन्य दरबन्दी भएका मा.वि.लाई गणित विषय शिक्षक सहयोग अनुदान कोटा १ (एक) अनुदान शिक्षकका लागि विज्ञापन आव्हान गरिएको छ ।

१) विज्ञपन नं. : ०१/०७७/०७८
२) पद संख्या : १ (एक)
३) दरखास्त दिने स्थान : श्री सरस्वती मावि थाहा-७, देउखेल
४) परीक्षाको किसिम : लिखित तथा मौखिक
५) न्यूनतम योग्यता : गणित विषयमा बी.एड्. उतीर्ण गरेको
६) प्राथमिकता : २० वर्ष पुरा गरी ४० वर्ष ननाघेको
७) तलब स्केल : प्रदेश सरकारले शिक्षण सहयोग अनुदानमा तोके बमोजिम
८) दरखास्त दिने अन्तिम मिति: २०७७/०४/१८ गते दिउँसो ४ बजेसम्म
९) दरखास्त दस्तुर : रु.१५००/- (एक हजार पाँचसय मात्र)
१०) सम्पर्क मिति : २०७७/०४/१८ गते
११) परीक्षा मिति : सम्पर्क मितिका दिन तोकिनेछ
१२) आवश्यक कागजात : क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
ग) अध्ययन अनुमतिपत्रको प्रतिलिपी

*सम्पर्क नम्बर ९८५५०७०९२३, ९८४१२८९१३२ र ९८६१७०५६१७*

प्रधानाध्यापक
(राजेन्द्र थापा)

'लगइन गरौं'
thahatimes.com

# थाहानगरको जनकल्याण मावि नमुना विकासका लागि छनोट

◆ विकास संवाददाता




मकवानपुर थाहा नगर पालिकामा रहेको जनकल्याण माध्यमिक विद्यालय जिल्लामै एक मात्र 'नमुना विकासका लागि' घोषणा भएको छ । संघीय सरकारले देशभरबाट १०० वटा विद्यालयलाई नमुना विकासका लागि छनोट गरेकोमा थाहानगरको जनकल्याण पनि परेको हो ।

जनकल्याण माध्यमिक विद्यालय मकवानपुरमै एउटा मात्र नमुना विकासको लागि छनोट भएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ । मन्त्रालयको मानव स्रोत विकास केन्द्र अन्तर्गत रहेको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाले विद्यालयलाई नमुना विकासका लागि छनोट गरी ३१ असारमा सूचना प्रकाशन गरेको हो ।

छनोट भएका विद्यालयलाई 'विद्यालय क्षेत्र विकास योजना' अनुसार सबै स्थानीय तहमा क्रमशः नमुना विद्यालय विकास गर्ने लक्ष्य रहेको केन्द्रले जनाएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको यस परियोजनाको उद्देश्य आधारभूत तथा माध्यमिक तहमा सिकाईको नतिजामा सुधार गर्ने, माध्यमिक तहको परीक्षा प्रणालीलाई सुधार्ने, लैंगिक, सामाजिक, आर्थिक तथा भौगोलिक हिसाबले स्कुलमा सहभागिता बढाउने, माध्यमिक तहसम्मको पढाई पुरा गर्ने वातावरण बनाउने, शिक्षकको समयतालिका र विद्यालय प्रशासनमा सुधार गर्ने लगायत छन् ।

यसैबीच जनकल्याण माविका प्राचार्य सानोभाइ कार्कीले नमुना विकासका लागि अग्रहसर हुन सहयोग गर्ने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग, शिक्षा विकास निर्देशनालय, जिल्ला शिक्षा विकास एबं समन्वय ईकाई मकवानपुर, थाहा नगरपालिका मेयर एबं शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, यस विद्यालयका सम्पूर्ण शिक्षक मित्रहरू, राजनैतिक दलहरू एबं प्रत्यक्ष वा परोक्ष रूपमा सक्दो सहयोग पुराउन मद्दत गर्नु हुने शुभचिन्तकहरूमा आभार र धन्यवाद व्यक्त गरेका छन् । प्राचार्य कार्कीले आगामी दिनहरूमा समेत यो र अझै उच्च सदभाव र सहयोगको अपेक्षा र विश्वास गरेका छन् । उनले आजैबाट नमुना विकासको कार्यप्रारम्भ भएको प्रतिक्रिया दिए ।

'हामी सूचना प्रविधिमैत्री पठनपाठन तथा गुणस्तरीय शिक्षाका लागि काम गरि नै रहेका छौं यसकै प्रतिफल स्वरूप नमुना विकासमा उन्मुख भयौं, अझ राम्रो गर्छौं'–कार्कीले भने–'हामीमा जति अवसर छ चुनौति पनि छ सबै पार गरेर नमुना विकास गरेरै छाड्छौं ।'

मन्त्रालयले २०७६ असोज १६ गते गोरखापत्रमा सूचना प्रकाशशित गरी नमुना विकासका लागि विद्यालयहरूबाट प्रस्ताव आव्हान गरेको थियो ।

## नियमति औषधि सेवन गरिरहेकाहरुका लागि थाहा नगरपालिकाको सूचना !

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि भैरहेको लकडाउनलाई मध्येनजर गरी यस थाहा नगरपालिका क्षेत्रमा रहेका बृद्धबृद्धा, दीर्घ रोगीहरुले नियमिति सेवन गर्नुपर्ने, प्रत्येक्ष विरामी आफै उपस्थित हुन नपर्ने र नगरपालिका क्षेत्रमा उपलब्ध नहुने औषाधिकाहरु ल्याउनको लागि थाहा नगरपालिकाले समन्वय गरिदिने भएको हुँदा तपाईले आफ्नो वडा कार्यालयमा गई औषधिका लागि लाग्ने रकम र औषधिको विवरण टिपाइदिनूहुन यो सूचना प्रकाशन गरिएको छ । औषधि सकिन ४ दिन अघि नै रकम र औषधिको विवरण टिपाउनु भएमा वडा कार्यालयमै उक्त औषधिहरु नगरपालिकाले उपलब्ध गराउने जानकारी गराइन्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

